आज मिति २०७४।०९।२९गतेका दिन बिहान ८:३० बजेको समयमा धनगढी उप महानगरपालिकाका नगर प्रमुख श्री नृप बहादुर वडज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक  देहायको उपस्थितिमा बसि देहाय अनुसारका निर्णयहरु गरियो ।

**उपस्थिति :**

नगर प्रमुख श्री नृप बहादुर वड
नगर उप प्रमुख श्री सुशीला मिश्र भट्ट
**वडा नं.१** अध्यक्ष श्री सन्तोष मुडभरी
**वडा नं.२** अध्यक्ष श्री नर बहादुर बम
**वडा नं.३** अध्यक्ष श्री बल बहादुर ऐर
**वडा नं.४** अध्यक्ष श्री दिपक कुमार थापा क्षेत्री
**वडा नं.५** अध्यक्ष श्री हिरा सिंह पातली
**वडा नं.६** अध्यक्ष श्री भागीराम चौधरी
**वडा नं.७** अध्यक्ष श्री सिताराम राना
**वडा नं.८** अध्यक्ष श्री नारायण प्रसाद बराल
**वडा नं.९** अध्यक्ष श्री प्रेम बहादुर भण्डारी
**वडा नं.१०** अध्यक्ष श्री राजेन्द्र राना
**वडा नं.११** अध्यक्ष श्री गंगाराम राना
**वडा नं.१२** अध्यक्ष श्री गणेश प्रसाद जोशी
**वडा नं.१३** अध्यक्ष श्री बिजय राज जोशी
**वडा नं.१४** अध्यक्ष श्री राम बजारी थारु
**वडा नं.१५** अध्यक्ष श्री फूलराम चौधरी
**वडा नं.१६** अध्यक्ष श्री लक्ष्मीनारायण चौधरी
**वडा नं.१७** अध्यक्ष श्री माधव राज राना
**वडा नं.१८** अध्यक्ष श्री मुरारी अधिकारी
**वडा नं.१९** अध्यक्ष श्री तिलुराम चौधरी थारु
सदस्य श्री सिता राना
सदस्य श्री बसन्त कुमार ठाकुर
सदस्य श्री कल्याणी सिंह
सदस्य श्री गिता पन्त
सदस्य श्री यशोधा भण्डारी
सदस्य श्री प्रेम बहादुर वि.क
सदस्य श्री रिस्नी देवी चौधरी
सदस्य श्री प्रेम सिं विश्वकर्मा
सदस्य सचिव श्री कृष्ण प्रसाद गौतम

**आमन्त्रित:**

दिजराज भट्ट
लेखनाथ ओझा
सुरेन्द्र सिंह कार्की
मेम्बर सिंह

**निर्णय नं.१**

यस धनगढी उप महानगरपालिकाको बस पार्क सपिङ कम्पलेक्स र सटरको भाडादर सम्बन्धमा मिति २०७४।०९।०९ गते प्रकाशित सूचना अनुसार कुनै पनि ब्यक्ति वा संस्थाले भाडामा लिनका लागि निवेदन पेश नगरेको हुँदा मिति २०७४।०९।२९ गतेका दिन राजश्व परामर्श समितिले गरेको निर्णयानुसार बस पार्क सपिङ कम्पलेक्स र सटर भाडाको दर तपसिल बमोजिम कायम गरि कार्यपालिका बैठकमा सिफारिश भए अनुसार सपिङ कम्पलेक्सको भाडाका लागि पुनः ७ दिने सूचना प्रकासित गर्ने निर्णय गरियो ।

तपसिलः

प्रति कोठा प्रति महिना न्यूनतम रु १७०००। भाडा (२२*१४)

पुरोनो पसलको प्रति सटर प्रति महिना रु७५००। सम्बन्धित पसलमा बसेका ब्यवसायी संगनै सम्झौता गर्ने ।

**निर्णय नं.२**

यस धनगढी उप महानगरपालिका नगर कार्यपालिकामा वडा कार्यालय देखि योजना परिवर्तनका लागि तपसिल बमोजिमका योजनाहरुको नाम परिवर्तन तथा रकममा समेत परिवर्तन गरि पठाएकोले सो योजनाहरुलाई परिवर्तन गरि कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

**तपसिल**

| क्र.स. | साविक योजनाको नामा | वडा नं. | परिवर्तन गरिएको योजनाको नाम | बजेट |
|---|---|---|---|---|
| १ | जाखोर बाबाको शिव मन्दिर निर्माण | ७ | शिव मन्दिरको घेरवार निर्माण | १००,०००। |
| २ | शारदा रानाको घर देखि चन्द्र कोरालको घर सम्म सडक मर्मत तथा कालो पत्रे निर्माण गर्ने कार्य | ७ | देवरीया पाण्डे किराना पसल देखि मनिया ताल जाने सडक कालो पत्रे | ७००,०००। |
| ३ | देवरीया सडुवा बाबा मन्दिर निर्माण | ७ | देवरीया सडुवा बाबा मन्दिर जाने बाटोमा ग्रावेल | १००,०००। |
| ४ | मनिहरा खोप केन्द्र निर्माण | ७ | पटेला द्रुन्दा नालामा अधुरो कल्भर्टको पखेटा वाल निर्माण | १००,०००। |
| ५ | गंगामार्ग नाली निर्माण गर्ने कार्य | ८ | क्याम्पस चौक लम्सालको मिलबाट निरौलाको घर सम्म बाटो पिसिसि गर्ने कार्य | १५०,०००। |
| ६ | हुलाकी सडकमा नाली निर्माण कार्य | ८ | मनिष बोहराको घर देखि सदभावना रोड सम्म दोहोरो पक्कि नाली निर्माण | २५००,०००। |

| | | | | |
|---|---|---|---|---|
| | | | नव बुद्ध अस्पताल देखि उत्तर नाली निमार्ण | ५००,०००। |
| ७ | आम बगैयामा नाली निर्माण गर्ने (गया प्रसाद चौधरी ) | ८ | सोही स्थानमा हुयमपाइप र ग्रावेल गर्ने कार्य | |
| ८ | नागरिक सचेतना केन्द्रमा कुखुरा पालन योजना | ४ | नागरिक सचेतना केन्द्रमा च्याउ खेती गर्ने कार्य | १५०,०००। |
| ९ | याच गांउ सुर्य नालामा पक्कि पुल निर्माण | १४ | सोही नालाको ३ स्थानमा हुयमपाईप कल्भर्ट निर्माण | १०,००,०००। |
| १० | नब दुर्गा मन्दिर निर्माण गर्ने कार्य बि गाँउ | १२ | मसान घाट जाने बाटो ग्रावेल | १००,०००। |
| ११ | बन देवी मन्दिर शौचालय निर्माण | १२ | बन देवी मन्दिर निर्माण | ४०,०००। |
| १२ | उर्मा कटानको विभिन्न बाटाहरुमा ग्रावेल सडक निर्माण | १५ | कालो पत्रे सडक निर्माण | ७००,०००। |
| १३ | ग्रावेल सडक निर्माण उर्मा कटान | १५ | कालो पत्रे सडक निर्माण | १००,०००। |
| **१४** | | | | |
| **१५** | | | | |

**निर्णय नं.३**

धनगढी उप महानगरपालिका नगर कार्यपालिकामा वडा कार्यालय देखि योजना परिवर्तनका लागि सिफारिश भई आएमा नगर प्रमुख ,उप नगरप्रमुख प्रमुख प्रशासकीय अधिकृत तथा योजना प्राविधिक शाखा प्रमुख,आर्थिक तथा प्रशासन शाखा प्रमुख र प्रशासन शाखा प्रमुखको समितिले उपयुक्त ठहराई निर्णय गरेमा आवश्यकता अनुसार योजना परिवर्तन गरि कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं.४**

धनगढी उप महानगरपालिकाका वडाका वडा अध्यक्षहरुलाई प्रत्येक महिना संचार सुविधा वापत पुष महिना देखि रु ७००। का दरले नगरपालिकाले प्रदान गरेको सिममा रिचार्ज गरिदिने निर्णय गरियो ।

**निर्णय नं.५**

धनगढी उप महानगरपालिकाको प्रत्येक वडामा सूचना पाटीको ब्यवस्था गर्न सबै वडा कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

**निर्णय नं.६**

धनगढी उप महानगरपालिका नगर कार्यपालिकाको कार्यालय धनगढी,कैलाली ७ नं.प्रदेश,नेपालको परामर्श दाता अभियन्त्र कन्सल्टिङ प्रा.लि. नयाँ बानेश्वर काठमाडौंले तयार गरेको भवन निर्माण तथा योजना मापडण्ड २०७४ लाई स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.७**

धनगढी उप महानगरपालिकाको प्रत्येक वडामा वडा कार्यालय संचालन भई रहेको र केही वडामा संयुक्त रुपमा वडा कार्यालय संचालन भईरहेको सन्दर्भमा स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३ को १२ अनुसार वडा कार्यालयबाट सेवा प्रवाह गर्ने क्रममा प्रत्येक वडामा वडा कार्यालय संचालन गर्नुपर्ने सन्दर्भमा वडा कार्यालयमा हाल कार्यालय सहयोगीको अपुग भएको कारण हाललाई अर्को ब्यवस्था नहुन्जेल सम्मका लागि जिल्ला दर रेटमा नवढने गरि दैनिक ज्यालादारीमा सम्बन्धित वडा अध्यक्षले असार मसान्त सम्मका लागि कार्यालय सहयोगीको नियमानुसार ब्यवस्था गरि कन्टेन्जेन्सी रकमबाट भुक्तानी हुने गरी काममा लगाउने निर्णय गरियो ।

**निर्णय नं.८**

धनगढी उप महानगरपालिका नगर कार्यपालिकामा मिति २०६१ साल देखि एकिकृत सम्पत्तिकर लागु भई कार्यान्वयनमा रहेकोमा मिति २०७४।०६।२९ गते देखी स्थानीय सरकार संचालन ऐन २०७४ लागु भै प्रत्येक वडामा वडा कार्यालय स्थापना भई वडा कार्यालय संचालन भईरहेको सन्दभर्भमा आगामी आ.व.२०७५।०७६ साउन १ गते देखि एकिकृत सम्पत्ति कर प्रत्येक वडा कार्यालयबाट संकलन गर्ने कार्यका लागि आवश्यक पहल गर्न नगर कार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.९**

धनगढी उप महानगरपालिकाको वडा नं.४मा (दक्षिणकाली मार्ग ह्युमपाईप कल्भर्ट दाया बाया ढुंगाको वाल निर्माण कार्य रु ३७२,२०१ निर्माण )सडक चौडा तथा वाल निर्माण गर्ने निर्णय गरियो ।

**निर्णय नं.१०**

धनगढी उप महानगरपालिका वा.नं.१३ को नगर स्वास्थ्य केन्द्रमा खानेपानीका लागि हेन्डपम्प जडान गर्ने कार्यका लागि रु ५०,०००। विनियोजन गर्ने र वडा नं. २ मा बद्रिनाथ समुदायिक भवनमा सम्बन्धमा हेन्डपम्प जडान गर्ने कार्यका लागि रु ५०,०००। विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.११**

धनगढी उप महानगरपालिका वडा नं.८ नवदुर्गा अनुष्ठान केन्द्रले नवदुर्गा मन्दिर नजिकको पुल मर्मत गरि पाँउ भनी निवेदन दिएकोले उक्त पुल ल.ई. अनुसार मर्मत सम्भार कोषबाट मर्मत गर्ने निर्णय गरियो ।

**निर्णय नं.१२**

धनगढी उप महानगरपालिका नगरकार्यपालिकाको कार्यालयमा आर्थिक सहयोगका लागि निवेदन पेश गरे अनुसार तपसिलका संस्थाहरुलाई बिलभरपाईको आधारमा आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल

१) फूलबारी महोत्सबलाई आर्थिक सहयोग रु १५०,०००।

२) भादा होम स्टे महोत्सबलाई आर्थिक सहयोग रु ५०,०००।

३) खप्तड गोल्ड कपलाई आर्थिक सहयोग रु २००,०००।

४) गो कराते संघलाई आर्थिक सहयोग रु ५०,०००।

५)नवदुर्गा मन्दिर महायज्ञलाई आर्थिक सहयोग रु २१,०००।

६) महिला क्रिकेट आर्थिक सहयोग रु ७५,०००।

७)मुस्लिम समुदायको ईद (मोहम्मद डे )कार्यक्रमलाई आर्थिक सहयोग रु ३१,०००।

**निर्णय नं.१३**

आ.व२०७४।०७५ को बार्षिक कार्यक्रम अनुसार पथरी गाँउ वा.न.१७ लाई शहरी सुविधा सहितको नमुना गाँउ बनाउने र सो का लागि रु ५५००,०००। पचपन्न लाख विनियोजन भएकोले सो अन्तरगत तपशिल बमोजिम क्रियाकलाप संचालन गर्ने निर्णय गरियो ।

**तपसिल**

१) Lokal Area Planning Rs 500,000.

२) It HUb स्थापना रु २००,०००।

३)सामुदायिक भवन निर्माण रु ५००,०००।

४) शाखा सडक कालोपत्रे रु ४०,००,०००।

५)सरसफाई सम्बन्धी जनचेतना कार्यक्रम रु १५०,०००।
६) भुकम्प  सम्बन्धी पूर्वतयारी जनचेतना कार्यक्रम १५०,०००।

**निर्णय नं.१४**

धनगढी उप महानगरपालिकामा  सवारी साधन खरिद  गर्ने कार्यका  लागि  मेकानिकल ईन्जिनियर बाट  स्पेशिफिकेशन  तथा  लागत अनुमान  तयार गर्ने कार्यका लागि कुनै परामर्श सेवाबाट सेवा लिई कार्य गर्ने निर्णय गरियो ।

**निर्णय नं.१५**

धनगढी उप महानगरपालिकामा स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार यस कार्यालयबाट संचालन हुने कृषी कार्यक्रम सम्बन्धि तपसिलका कार्यक्रम तथा योजनाहरु आ.व.२०७४।०७५ मा संचालन हुने गरि स्वीकृत गर्ने निर्णय गरियो ।

# बार्षिक कार्यक्रम

१.आ.व. ०७४।०७५

२ बजेट शिर्षक नं.

३ मंत्रालयको नाम : कृषि बिकास

४.विभागको नाम : कृषि विभाग

५.आयोजनाको नाम : कृषि विकास कार्यक्रम

६.स्थान : धनगढी उपमहानगरपालिका

७.आयोजना शुरु हुने मिति :साल बसाली

८.आयोजना पुरा हुने मिति : साल बसाली

९.आयोजना कार्यालय प्रमुखको नाम :

१०) बार्षिक बजेट १२६६९

११.आयोजनाको कुल लागतःशुरुको संशोधित

क) आन्तरिक : १.नेपाल सरकार

२.स्थानीय निकाय ।संस्था

३.जनसहभागिता

ख) बैदेशिक १)ऋण

२अनुदान.

**बजेट तर्जुमा फारम संख्या १.२**

गत आ.ब.सम्मको खर्च रु.(सोझै भुक्तानी र वस्तुगत समेत)

क) आन्तरिक : १.नेपाल सरकार

२.स्थानीय निकाय।संस्था

३.जनसहभागिता

ख)बेदेशिक १. ऋण

२.अनुदान

**कच्चेवारी**

**रु हजारमा ।**

| सि.नं. | आयोजनाको प्रमुख कार्यहरु | बजेट शिर्षक | इकाई | आ.ब ७४।७५ को वार्षिक लक्ष्य | | | प्रथम चौमासिक लक्ष्य | | | दोस्रो चौमासिक लक्ष्य | | | तेस्रो चौमासिक लक्ष्य | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | परिमाण | भार | वार्षिक बजेट | भौतिक परिमाण | भार | बजेट | भौतिक परिमाण | भार | बजेट | भौतिक परिमाण | भार | बजेट | |
| १ | २ | | ३ | १५ | १६ | १७ | १८ | १९ | २० | २१ | २२ | २३ | २४ | २५ | २६ | |
| **१** | **वाली विकास कार्यक्रम** | | | | | | | | | | | | | | | |
| १.१ | कृषक समुह/सहकारीको अगुवाईमा ५ हे. क्षेत्रफलमा मसिना तथा वासनादार धान व्लक उत्पादन प्रदर्शन | | पटक | १ | | १५० | | | | | | | १ | | १५० | |
| १.२ | माटोको उर्वराशक्ती आय आर्जन बढाउन मुङ बालीको उन्नत वीउ वितरण | | पटक | १ | | २०० | | | | | | | १ | | २०० | |
| १.३ | आकस्मिक बाली संरक्षण सेवा | | पटक | १ | | १०० | | | | १ | | १०० | | | | |
| १.४ | कार्यक्रम संचालन खर्च | | पटक | ४ | | १८ | | | | १ | | ४.५ | ३ | | १३.५ | |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | **यस आयोजनाको जम्मा** | | | | | **४६८** | | | | | | **१०५** | | | **३६३.५** | |
| २ | **सहकारी खेती  साना सिचाई तथा मल वीउ ढुवानी कार्यक्रम** | | | | | | | | | | | | | | | |
| २.१ | साना सिचाईका लागि कृषक/कृषक समुह/सहकारीलाई मोटर अनुदान | | पटक | १ | | ३७८ | | | | | | | १ | | ३७८ | |
| २.२ | सूचना प्रवाह, निवेदन संकलन | | पटक | १ | | ५ | | | | १ | | ५ | | | | |
| २.३ | स्थलगत अनुगमन | | पटक | ४ | | २५ | | | | २ | | १२.५ | २ | | १२.५ | |
| २.४ | फर्मेट, निवेदन, ईष्टिमेट पेपर छपाई आदि | | पटक | १ | | १६ | | | | १ | | १६ | | | | |
| | **यस आयोजनाको जम्मा** | | | | | **४२४** | | | | | | **३३.५** | | | **३९०.५०** | |
| **३** | **आलु तरकारी तथा मसला वाली कार्यक्रम** | | | | | | | | | | | | | | | |
| ३.१ | प्लाष्टिक घर भित्र बेमौषमी तरकारी खेतीको लागि प्लाष्टिक टनेल (सिल्पोलिन) मा सहयोग | | संख्या | १९० | | १२३५ | | | | | | | १९० | | १२३५ | |
| ३.२ | प्लाष्टिक घर भित्र तरकारी खेती गर्ने कृषकहरुलाई वर्णशंकर वीउ, शुक्ष्म खाद्य तत्व, कीट एवं रोगनाषक विषादीमा सहयोग | | पटक | १ | | १४८ | | | | | | | १ | | १४८ | |
| ३.३ | नगर स्तरिय अगुवा कृषक तालिम (३ दिने ५७ जना कृषक प्रति तालिममा १९ जना लाई दिने। | | पटक | ३ | | ३९० | | | | २ | | २६० | १ | | १३० | |
| ३.४ | प्रस्तावनामा आधारित तरकारी खेती कार्यक्रम ( १९ जना, १० कट्ठा प्रति व्यक्ती) | | संख्या | १९ | | ५७० | | | | १९ | | ५७० | | | | |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३.५ | तरकारी खेती कृषक/विधार्थी पठशाला संचालन | | संख्या | १ | | ७० | | | | १ | | ७० | | | | |
| ३.६ | वाली उपचार शिविर संचालन | | संख्या | ५ | | ४० | | | | २ | | १६ | ३ | | २४ | |
| ३.७ | उन्नत तरकारी खेती प्रविधि विषयक स्थलगत घुम्ती तालिम संचालन | | संख्या | ९ | | ५४ | | | | ४ | | २४ | ५ | | ३० | |
| ३.८ | उन्नत तरकारी खेती प्रविधि विषयक बुकलेट प्रकासन | | संख्या | ३००० | | १२० | | | | | | | ३००० | | १२० | |
| ३.९ | आकस्मिक बाली संरक्षण सेवा ( आलु वालीमा डढुवा रोग व्यवस्थापन प्रचार प्रसार तथा सामाग्री सहयोग | | पटक | १ | | ११५ | | | | १ | | ११५ | | | | |
| ३.१० | १९ वटा कृषक समुहलाई स्प्रेयर सहयोग प्लाष्टिकको ३८ थान र एप्रोन सहित | | संख्या | ३८ | | १५२ | | | | ३८ | | १५२ | | | | |
| ३.११ | १९ वटा कृषक समुहलाई नर्सरी स्थापना सहयोग | | संख्या | १९ | | १९० | | | | १९ | | १९० | | | | |
| ३.१२ | वगरमा खेती गर्ने कृषकलाई लहरे तरकारी वीउमा ५० प्रतिशत अनुदान । | | | | | | | | | | | | | | | |
| ३.१२ | विपन्न समुदाय ( मुक्त कमैया, हलिया, दलित जनजाती) समुहमा वसन्ते तरकारी वीउ वितरण | | पटक | १ | | १२४ | | | | १ | | १२४ | | | | |
| | **यस आयोजनाको जम्मा** | | | | | **३२०८** | | | | | | **१५२१** | | | **१६८७** | |
| **४** | **प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना** | | | | | | | | | | | | | | | |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४.१ | नया व्लक स्थापना | | संख्या | १ | | १७०० | | | | १ | | | १ | | १७०० | |
| ४.२ | नयाँ व्लक स्थापना गर्ने समुह सहकारी निजि उद्यमीलाईअभिमुखिकरण | | पटक | १ | | ७५ | | | | १ | | ७५ | | | | |
| ४.३ | व्लकमा सम्बन्धित बालीको तालिम | | पटक | १ | | २५ | | | | १ | | २५ | | | | |
| ४.४ | पुराना तथा नया पकेटलाई निर्देशिका अनुसार अनुदान सहयोग (पुरानो ४, नयाँ ५ | | संख्या | ९ | | ४३०० | | | | ३ | | ९०० | ६ | | ३४०० | |
| ४.५ | पुराना तथा नया पकेटका समुह सदस्यलाई तालिम गोष्ठी आदि | | पटक | ९ | | ३०० | | | | ३ | | १०० | ६ | | २०० | |
| | **यस आयोजनाको जम्मा** | | | | | **६४००** | | | | | | **११००** | | | **५३००** | |
| ५.० | **मत्स्य विकास कार्यक्रम** | | | | | | | | | | | | | | | |
| ५.१ | विपन्न समुदायलाई नया पोखरी निर्माणमा अनुदान सहयोग( निर्देशिका अनुसार) | | हे. | ३.५ | | १०५० | | | | १.५ | | ४५० | २ | | ६०० | |
| ५.२ | पंगासियस माछा भुरामा अनुदान सहयोग | | संख्या | १२५०० | | १०० | | | | | | | १२५०० | | १०० | |
| ५.३ | एरिएटर वितरण (५० प्रतिशत अनुदानमा) | | संख्या | १० | | ३५० | | | | १० | | ३५० | | | | |
| ५.४ | स्थलगत तालिम संचालन | | संख्या | ३ | | ७५ | | | | १ | | २५ | २ | | ५० | |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | **यस आयोजनाको जम्मा** | | | | | **१५७५** | | | | | | **८२५** | | | **७५०** | |
| **६** | **कृषि प्रसार कार्यक्रम** | | | | | | | | | | | | | | | |
| ६.१ | धान दिवस मनाउने | | पटक | १ | | ७५ | | | | | | | १ | | ७५ | |
| ६.२ | उप म.न.पा. अन्तर्गत कृषक समुह, उत्कृष्ट कृषकहरु अन्न बालीको तथ्यांक संकलन तथा प्रकाशन | | पटक | १ | | ५० | | | | | | | १ | | ५० | |
| ६.३ | कृषक समुहलाई स्प्रेयरमा अनुदान | | संख्या | १९ | | १९० | | | | १९ | | १९० | | | | |
| ६.४ | नगरस्तरिय कृषि विकास समितिको वैठक | | पटक | २ | | ८० | | | | १ | | ४० | १ | | ४० | |
| ६.५ | बाली उपचार शिविर संचालन | | संख्या | ५ | | १०५ | | | | २ | | ४२ | ३ | | ६३ | |
| | **यस आयोजनाको जम्मा** | | | | | **५००** | | | | | | **२७२** | | | **२२८** | |
| ७.०० | **माटो परिक्षण तथा सुधार सेवा कार्यक्रम** | | | | | | | | | | | | | | | |
| ७.१ | माटो परिक्षण शिविर संचालन | पटक | | १ | | ६० | | | | | | | १ | | ६० | |
| ७.२ | स्थलगत तालिम संचालन | पटक | | २ | | २० | | | | २ | | २० | | | | |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ७.३ | कार्यक्रम संचालन खर्च | पटक | | ४ | | १४ | | | | २ | | ७ | २ | | ७ | |
| | **यस आयोजनाको जम्मा** | | | | | ९४ | | | | | | २७ | | | ६७ | |
| | | | | | | | | | | | | | | | | |
| | **कूल आयोजना/कार्यक्रमको जम्मा** | | | | | **१२६६९** | **०** | **०** | **०** | **०** | **०** | **३८८३** | **०** | **०** | **८७८६** | **०** |